# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII JUNE 2023 No. 06


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**



**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ४७:१-९**

१. हे सबै जाति हो, ताली बजाओ, उच्च स्वरले परमेश्वरको जय-जयकार गर ।

२. सर्वोच्च परमप्रभु कस्तो भययोग्य हुनुहुन्छ, सारा पृथ्वीका महान् राजा ।

३. उहाँले जातिहरूलाई हाम्रो अधीनमा ल्याउनुभयो र मानिसहरूलाई हाम्रा पैतालामुनि पार्नुभयो ।

४. उहाँले हाम्रा निम्ति उत्तराधिकार छान्नुभयो, याकूबको गौरव, जसलाई उहाँले प्रेम गर्नुहुन्थ्यो । सेला

५. परमेश्वर आनन्दको ध्वनिसाथ माथि उक्लनुभएको छ, परमप्रभु तुरहीको आवाजसित जानुभएको छ ।

६. परमेश्वरको प्रशंसा गाओ, स्तुति गाओ । हाम्रा राजाको प्रशंसा गाओ, स्तुति गाओ ।

७. किनकि सारा पृथ्वीका राजा परमेश्वर नै हुनुहुन्छ। उहाँको निम्ति प्रशंसाको एउटा भजन गाओ ।

८. परमेश्वर जाति-जातिहरूमाथि राज्य गर्नुहुन्छ, परमेश्वर आफ्नो पवित्र सिंहासनमा विराजमान हुनुहुन्छ ।

९. अब्राहामका परमेश्वरको प्रजाझैं जाति-जातिका शासकहरू भेला भएका छन् किनकि पृथ्वीका राजाहरू परमेश्वरकै हातमा छन् । उहाँ अति उच्च हुनुहुन्छ ।

## नयाँ अवसरलाई अंगाल्नुहोस् वा तपाईंले यसलाई अवरोधको रूपमा लिन सक्नुहुन्छ

**EMBRACE THE NEW SEASON OR YOU CAN NAME IT AS DISTRACTIONS!**

**बहिनी एन्जलीन सेल्भाकुमारी**



यहोशूको पुस्तकले इस्राएलीहरूको जीवनमा नयाँ युग, नया अवसर सुरुवात गरेको देखाउँछ । इस्राएलको इतिहासमा सबैभन्दा महान् अगुवाहरूमध्ये एक जनाको मृत्युपछि यहोशू मोशाको उत्तराधिकारीको रूपमा नियुक्त भएका थिए र तिनले ठूलो कुरा मिलाउनुपर्ने थियो। यहोशूको लागि बोलावट स्वीकार गर्न सजिलो थिएन । मोशाले यहोशूलाई तालिम दिएका र चेला बनाएका भए पनि तिनको दिमागमा के भइरहेको थियो भनेर कसैले कल्पना पनि गर्न सक्दैन । इस्राएलका मानिसहरूले मोशालाई कसरी व्यवहार गरेका थिए र अन्त्यमा मोशालाई के भएको थियो भनेर तिनले पहिले नै देखेका थिए । यस कुराले यहोशूलाई भित्रैसम्म तर्साएको हुनुपर्छ। तर मोशाले आफ्नो हात यहोशूमाथि राखे र डण्डा बोक्न तिनलाई नियुक्त गरे । व्यवस्था ३४:९ ले भन्दछ,

**अब नूनका छोरा यहोशू बुद्धिको आत्माले परिपूर्ण थिए किनकि मोशाले आफ्ना हात तिनीमाथि राखेका थिए । तसर्थ, तिनको कुरा इस्राएलीहरूले सुने र परमप्रभुले मोशालाई दिनुभएका आज्ञाहरू पालन गरे ।**

यहोशू आत्मविश्वासी थिएनन् भनेर म अझै सोच्छु र त्यसकारण, मेरो विचारमा परमेश्वरले पहिलो अध्यायमा यहोशूलाई बारम्बार दोहोऱ्याएर भन्नुभयो, "नडरा, खुबै बलियो हो, साहसी हो,... जसरी म मोशाको साथमा थिएँ, त्यसरी नै म तेरो साथमा हुनेछु ।"

....Contd. to page 3


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ। यो आवश्यकताको घडी हो।


**CHIEF EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager
Dr. Rabinder Boaz, M.S.
Bro. K. Puratchivendan

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran



**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


> हामीले हाम्रा परमेश्वरको प्रार्थना गर्‍यौं र रातदिन उनीहरुका विरुद्धमा पहरा राख्यौं (नहेम्याह ४:९)।

ख्रीष्टमा प्रिय मित्रहरू,

शान्ति तपाईंमाथि रहोस्। तपाईं सबै जना राम्रो तरिकामा जिउनुभएको र वृद्धि हुनुभएको होस्। हामी तपाईंका प्रार्थनाका साझेदारहरू हौं। कृपया, यो लेख पूरै पढ्नुहोस्।

परमेश्वरले हामीलाई आशिष् दिनुभएको छ। परमेश्वरले हामीलाई आवश्यक स्वास्थ्य, शक्ति, सुरक्षा र सान्त्वना प्रदान गर्नुभएको छ र हामीमाथि वास्ता गर्नुभएको छ। प्रभु येशू ख्रीष्ट असल हुनुहुन्छ। उहाँ सधैं तपाईंको साथमा भइरहून्।

## तपाईंले ध्यान दिनुपर्ने महत्वपूर्ण जानकारी

१. हरेक राति १० बजे हाम्रो प्रार्थनाको समय हो। तपाईं जुनसुकै सहर वा देशमा हुनुभए पनि तपाईंले हाम्रो भविष्यका पुस्ता संसारभरि रहेका बालबालिका, युवायुवती दुवै पुरुष र महिलाको निम्ति राति १० बजे प्रार्थना गरिदिनुहुन हामी अनुरोध गर्दछौं। हामीले यो सेवकाइलाई **ग्लोबल भिजन फर युथ एण्ड किड्स केयर** भन्दछौं। यो सेवकाइद्वारा परमेश्वरले असंख्य केटाहरू र केटीहरूलाई आशिष् दिइरहनुभएको छ। तपाईंले हाम्रो **Echo of His Call YouTube Channel** द्वारा जानकारीहरू हेर्न सक्नुहुन्छ र भविष्यमा परमेश्वरलाई प्रशंसा गर्नुहोस्। **कृपया यो यूट्यूब च्यानललाई सस्क्राइब गरिदिनुहोला** ताकि तपाईंले गवाहीहरू, प्रार्थनाका आग्रहहरू र छोटो सन्देशहरू सुन्न सक्नुभएको होस्। कृपया तपाईंको फोनमा स्थायी रूपमा हाम्रो मोवाइल नम्बर +91-98410 71858 र +91-98412 71858 सेभ गर्नुहोला। हामीले यी दुई मोवाइल नम्बरहरू प्रयोग गर्छौं। धन्यवाद।

२. पाँच मिनेट परमेश्वरको सन्देश र प्रार्थना हरेक दिन बिहान ५ बजे **Echo Of His Call YouTube Channel** मा आउँछ। यी सन्देशहरू पा. एस. साम सेल्भाराज र पा. एलेक्स सामसन सामले प्राचार गर्नुहुन्छ। ती ह्वाटसएप नम्बर +91-98410 71858 र +91-98412 71858 मा उपलब्ध छन्। तपाईंले यो कार्यक्रम हेर्नुहुन्छ भने तपाईंले प्रत्यक्ष रूपमा हामीसँग प्रार्थना गर्ने मौका पाउनुहुन्छ। हरेक दिन संसारभरिका धेरै मानिसहरूले हेर्नुहुन्छ र आशिष् बन्नुभएको छ। तपाईं पनि यो तरिकामा आशिषित बन्न सक्नुहुन्छ। तपाईंले गर्नुपर्ने एउटा कामचाहिँ कृपया माथि उल्लेख गरिएको मोवाइल नम्बर स्थायी रूपमा सेभ गर्नु हो। यो अत्यन्तै महत्वपूर्ण छ।

३. हाम्रो गाउँको हाई स्कुल **सेन्ट पावलस् मेट्रिकसलेसन स्कुल** राम्रो गतिमा संचालन भइरहेको छ। सिपालु र आत्मिक रूपमा परिपक्व शिक्षाविद्‌हरूका साथमा स्कुल संचालन भएको छ। हामीलाई असल विद्यार्थीहरू र शिक्षकहरूको आवश्यकता छ। कृपया यसको वृद्धि र स्कुलको निम्ति प्रार्थनामा सम्झिदिनुहोला।



*St. Paul's Matriculation School Staff*


**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ Media Ministry ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

४. हाम्रो **नहेम्याह बाइबल कलेजले** दुवै हिन्दी (आवासीय कोर्स) र तामिल (साँझको कोर्स) भाषामा कोर्सहरू प्रदान गर्दछ । यो कलेजमा हामीसँग चेन्नाइमा पढाइरहनुभएका राम्रा शिक्षकहरू छन् । हामीलाई प्रभुको सेवा गर्ने उपयुक्त दर्शन भएका विद्यार्थीहरूको आवश्यकता छ । अर्को शैक्षिक सत्र २०२३-२०२४ को निम्ति कक्षाहरू जून ५, २०२३ बाट



*Nehemiah Bible College Meeting*

सुरु हुनेछ । अहिले करिब ३० जना विद्यार्थीहरू दीक्षान्तित हुन र मिसनको क्षेत्रमा जानको लागि तयार भएका छन् ।

**नहेम्याह बाइबल कलेजले** आफ्नो २४ औं दीक्षान्त समारोह ३ जून २०२३ मा मनाउनेछ ।

५. बच्चाहरूका निम्ति ग्रीष्म बाइबल स्कुल विगतको महिनामा विभिन्न स्थानहरूमा संचालन गरिएको थियो (मई २०२३) ।

६. हाम्रो **बोलावटको प्रतिध्वनि मासिक पत्रिकामाथि** परमप्रभुको हात रहेको छ, जुन १६ भाषाहरूमा प्रकाशन हुन्छ । हाम्रो परमप्रभुको हात हाम्रा मण्डलीहरू, पत्राचार बाइबल कोर्सहरू, सुसमाचारीय छापाखाना, बालसंगति सेवकाइ, जवान संगति, अस्पताल सेवकाइ, आदिमाथि पनि रहेको छ । हामी यी सबै सेवकाइहरूका निम्ति परमेश्वरप्रति कृतज्ञ हुनुपर्छ ।

सुसमाचारको साथमा पुग्न परमेश्वरले हाम्रो हातमा यो ठूलो संसार राखिदिनुभएको छ । यो दर्शनको साथमा हामीलाई धेरै परमेश्वरका सेवकहरूको खाँचो रहेको छ र आफ्नो आर्थिक कुराहरूको साथमा यो सेवकाइलाई सहायता गर्ने धेरै परमेश्वरका जनहरू पनि हामीलाई आवश्यक छन् ।

कृपया हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस् । हामीले धेरै आत्मिक लडाइँहरू सामना गरेका छौं । परमेश्वरले हामीलाई विजय दिनुभएको छ । हामी तपाईंको निम्ति पनि प्रार्थना गर्छौं ।

हाम्रो प्रेमिलो प्रभु येशू ख्रीष्टले तपाईं सबैलाई आशिष् देऊन् । आमेन ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,
*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*
(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

पृष्ठ १ बाट

परमेश्वरले हामीमध्ये केहीलाई हाम्रो जीवनको अवसरमा, हाम्रो सेवकाइमा बोलावट दिनुभएको छ । हो, पुरानो असल हुन्छ तर हामीले *हाम्रो जीवनको नयाँ अवसरलाई अंगाल्न* सुरु गर्नु जरुरी हुन्छ । हामीमध्ये केहीले भनिरहेको म देख्न सक्छु कि म जीवनको करिब अन्त्यतिर आइसकेको छु, मेरो जीवनमा कहाँ नयाँ अवसर छ त । बर्जीलै ८० वर्ष भएका थिए, जसले दाऊदलाई सहायता गरेका थिए (२ शमूएल १९:३२) । त्यसैले, तपाईंले चाहनुहुन्छ भने परमेश्वरले तपाईंलाई जीवनको नयाँ अवसरमा लैजान सक्नुहुन्छ ।

नयाँ अवसरलाई अंगाल्नको लागि हामीले आफ्नो जीवनमा केही कुराहरूलाई जान दिनु जरुरी हुन्छ । हामीले पुरानो कुरालाई समातिरहन्छौं भने हामीले परमेश्वरको पूर्ण आशिष्मा आनन्द नगर्न पनि सक्छौं, जुन नयाँ अवसरमा उहाँले हाम्रो निम्ति राख्नुभएको छ ।

## १. नयाँ अवसरः

यहोशू १:२ यसरी सुरु हुन्छ, **मेरो दास मोशा मऱ्यो । यसकारण उठ, *तँ यी सबै मानिसहरूलाई लिएर यर्दन पारि मैले इस्राएलीहरूलाई दिन आँटेको देशमा जा* ।**

## अत्यन्तै जरूरी सूचना
## VERY URGENT ANNOUNCEMENT!

असहज परिस्थितिको कारण धेरै ख्रीष्टियान पत्रिकाहरू प्रकाशन हुन सकेका छैनन् । यही अवस्था हाम्रो पत्रिका **बोलावटको प्रतिध्वनिले** पनि अनुभव गर्न सक्छ । हामीले हाम्रा पत्रिकाहरू मेहेनेत र ठूलो कठिनाइपछि पठाएका हुन्छौं । तर हुलाकका व्यक्तिहरूले पत्रिकालाई इमानदारीपूर्वक नपुऱ्याएका कुरा पनि हामी बुझ्दछौं । पुऱ्याएपछि पनि केही पाठकहरूले त्यसलाई खोलेका र पढेका छैनन् ।

त्यसैले, तपाईंले वास्तवमै **बोलावटको प्रतिध्वनि** पत्रिका निरन्तर प्राप्त गर्न चाहनुहुन्छ र तपाईं यो पत्रिका पढ्न इच्छुक व्यक्ति हुनुहुन्छ भने कृपया हामीलाई तुरुन्तै तपाईंको **सही ठेगाना, मोबाइल नम्बर र तपाईंको इमेल ठेगाना तपाईंको टेलिफोन वा ह्वाटस्एप वा सन्देश वा इमेला वा हुलाकबाट** पठाइदिनुहुन अनुरोध गर्दछौं । तपाईंलाई हाम्रो पत्रिका पठाउने कुनै तरिका हामी खोज्नेछौं । हामीले तपाईंको आवश्यक विस्तृत विवरणको साथमा हालको ठेगाना पाएनौं भने हामीले **बोलावटको प्रतिध्वनि** पत्रिका निरन्तर पठाउन असक्षम हुन सक्नेछौं । हामी कुनै पनि अवस्थामा तपाईंको सम्पर्क वा सम्बन्ध गुमाउन चाहन्नौं । कृपया सहकार्य गरिदिनुहोस् ।

हाम्रो ठेगानाः

**बोलावटको प्रतिध्वनि**
**Echo of His Call**
10, Mohammed Abdullah 2nd Street, Chepauk. Chennai – 600 005.
Mobile No : +91-98410 71858, +91-98412 71858
Telephone No. (+91-44) 2852 8282, 2852 9293, 2854 7766
E-mail : sam@echoofhiscall.org / echosamselvaraj@gmail.com.
YouTube Channel: Echo of His Call.

म यो विषयमा गहिरो जाँच गर्नुअघि यो पदमा भएका केही शब्दहरूलाई उल्लेख गर्न चाहन्छु। मेरो दास मोशा मऱ्यो। पुरानो बितेको छ। अनि पदले भन्दछ **"यसकारण।"** नयाँ अवसरको निम्ति समय छ। तपाईंको जीवनको अर्को अवसरमा परमेश्वरले तपाईंको लागि गर्न लाग्नुभएको कुरालाई अंगाल्ने तपाईंको निम्ति समय अहिले हो।

तपाईंको सेवकाइलाई अर्को स्तरमा लैजान तपाईंको निम्ति अवसर अहिले नै हो।

तपाईंको परिवार, छोराछोरी र तपाईंको घरानामाथि परमेश्वरको निगाहाको अवसर अहिले नै हो।

समय अहिले नै हो... पछि होइन... तर प्रश्नचाहिँ के हामी चाहना गर्छौं र के हामी अहिलेलाई समात्न सक्षम छौं।

## २. तयार हुनुहोस्:

यो पदमा मेरो ध्यान तानेको अर्को शब्दचाहिँ परमेश्वरले यहोशूलाई तयार हनु भनिरहनुभएको छ। धेरै समयमा हामीले पहिलो कदम लिन हिचकिचाउँछौं। हामीले स्पष्ट केही कुरा नदेखेसम्म हामीले अर्को कदम गर्न चाहँदैनौं। यो पढिरहनुभएका तपाईंमध्ये कति जनाले तपाईंको जीवनको अर्को अवसरमा तपाईंलाई लैजान परमेश्वरलाई पर्खिरहनुभएको छ, अर्को कदम लिनको लागि परमेश्वरको जवाफ पर्खिरहनुभएको छ भनेर मलाई थाहा छैन।

प्रिय मित्रहरू, अबचाहिँ अवसर छ। तर प्रश्नचाहिँ के तपाईं त्यसलाई अंगाल्न तयार हुनुहुन्छ? अगाडि अर्को कदम लिन विश्वासको साथमा आफैंलाई सुसज्जित गर्नु हामीलाई आवश्यक छ। तपाईंलाई केले रोकिरहेको छ भनेर विचार गर्नुहोस्। तपाईंलाई आवश्यक भएको भनेको परमेश्वरको प्रतिज्ञा हो। परमेश्वरको वचनबिना अगाडि बढ्ने बारेमा पनि नसोच्नुहोस् तर परमेश्वरले आफ्नो वचन, आफ्नो प्रतिज्ञा दिनुभएको छ भने नहिचकिचाउनुहोस्। अगाडि बढ्नुहोस्। हाम्रो जीवन छोटो छ, परमेश्वरको निम्ति गरिएको काम मात्रै अन्तिमसम्म रहनेछ। तपाईं केलाई पर्खिरहनुभएको छ, **अगाडि बढ्न तयार हुने समय** अहिले नै हो। जब तपाईंले अगाडि बढ्ने निर्णय गर्नुहुन्छ र पहिलो कदम लिनुहुन्छ, तपाईंको निम्ति अन्य कुराहरू बढ्नेछ। हामीले यहोशू ३:१३ मा पढ्छौं,

"जब सारा पृथ्वीका **परमप्रभुका करारको सन्दूक बोक्ने पूजाहारीहरूका पैताला यर्दनको पानीमा पर्छ,** त्यही बेला माथिदेखि बगेर आयने यर्दनको पानी थामिनेछ र रास लागेर अडिनेछ।"

जब तपाईंले पहिलो कदम लिने निर्णय गर्नुहुन्छ, नदी, तपाईंको अगाडि भएको बाधाले तपाईंलाई मार्ग दिनेछ। के तपाईं तयार हुनुहुन्छ?

## ३. पारि जाने:

परमेश्वरले यहोशूलाई भन्नुभयो, पारि जान तयार हुने समय अहिले नै हो।

अब पारि जाने कुराचाहिँ प्रक्रिया हो। यो एउटा समयको मौका होइन। तपाईंले निश्चित अवस्थाहरू र अनजान मार्गहरूबाट भएर हिँड्नुहुनेछ, कहिलेकाहीँ यसले केही अर्थ पनि राख्दैन। परमेश्वरले इस्राएलीहरूलाई भन्नुभयो, यर्दन नदी पारि जाओ। तिनीहरूले कसरी यर्दन नदी तर्नेछन्? मानिसको मनमा यसले कुनै अर्थ राख्दैन। मेरा प्रिय मित्रहरू, जब परमेश्वरले तपाईंलाई प्रतिज्ञा दिनुहुन्छ, तपाईंले आफ्नो आत्मिक आँखाबाट हेर्न सुरु गर्नु जरुरी हुन्छ, तपाईंको मानवीय आँखाबाट होइन। हामीले मानवीय आँखाबाट हेर्न सुरु गर्नुहुन्छ भने हामीले धेरै टाढासम्म हेर्न सक्नेछैनौं... हामीले केवल किनारामा आइरहेका छालहरू र पानी मात्रै देख्न सक्छौं। पानीको छालले हामीलाई तर्साउँछ। तपाईं नदी तर्न सक्ने कुनै पनि मार्ग छैन। तर हामीले आफ्ना आत्मिक आँखाको साथमा हेर्न सुरु गर्छौं भने हाम्रो कल्पनाभन्दा बाहिर परमेश्वरले के गर्न सक्नुहुन्छ भनेर हामीले देख्न सक्नेछौं। एफिसी ३:२० बाइबलमा भएका मेरा मनपर्ने पदहरूमध्ये एक हो। यसले भन्दछ, कल्पनाचाहिँ परमेश्वरले मानिस जातिलाई दिनुभएको महान् वरदानहरूमध्ये एक हो। कुनै पनि समयमा कसैले पनि आफूले चाहेको कुरा कल्पना गर्न सक्छ। कुनै पनि मानिसको कल्पना सीमित छैन र त्यसपछि म एफिसीको पत्रमा देख्छु, जब परमेश्वरले आफ्ना छोराछोरीको जीवनमा आफ्नो चाहना पूरा गर्न चाहनुहुन्छ, जब उहाले आफ्ना सन्तानलाई आशिष् दिन चाहनुहुन्छ, त्यो कल्पना पनि सीमारहित, समयरहित र अन्त्यहीन छ भनेर चुनौति दिइरहनुहुन्छ।

**उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ** (एफिसी ३:२०)।

उहाँले त्योभन्दा पनि बढी गर्न सक्षम हुनुहुन्छ भनेर उहाँले भन्नुहुन्छ। आमेन। यो येशू ख्रीष्टको

....Contd. to page 6


# NEHEMIAH BIBLE

**RESIDENTIAL / EVENING COLLEGE,**

Velachery / Chepauk & Santhoshapuram, Chennai.

Medium : Hindi / Tamil

*Registered Candidate for Membership*

Asia Theological Association (ATA)

Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years

**Certificate in Theology : One year**

**Diploma in Theology : Two years**

Qualification : 10th Standard & above

Rush for admission!

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

✶ ONLINE CLASSES ARE AVAILABLE ✶

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध प्रशंसा र प्रार्थनाको बुँदाः जून १९ देखि जूलाइ १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

जून १९: जून ३, २०२३ मा आयोजना भएको हाम्रो **नहेम्याह बाइबल कलेज दीक्षान्त समारोहमा** अचम्म तरिकामा आशिष् दिनुभएको निम्ति ।

जून २०: १० मई २०२३ मा आयोजना भएको **हाम्रो नहेम्याह बाइबल कलेज** अलुमिनी अवसरमा उहाँको आशिष्को निम्ति ।

जून २१: हाम्रो सम्माननीय शैक्षिक सल्लाहकारको रूपमा **नहेम्याह बाइबल कलेजमा** जोडिनुभएको रेभ. पावल एबेनेजरको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

जून २२: हरेक दिन राति १० बजे संसारभरि भएको युवायुवती र बालबालिकाको निम्ति प्रार्थना गर्न **ग्लोबल भिजन फर युथ एण्ड किड केयर** सेवकाइ सुरु गर्न हामीलाई सहायता गर्नुभएको निम्ति ।

जून २३: हरेक महिना समयमा नै १६ वटा भाषाहरूमा हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिका प्रकाशन गर्न हामीलाई सहायता गर्नुहुने समर्पित सहसम्पादकहरूको साथमा आशिष् दिनुभएको निम्ति ।

जून २४: आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति विद्यार्थीहरू भर्नामा हाम्रो प्रयासमा आशिष् दिनुभएको निम्ति ,

जून २५: १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति ।

जून २६: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरू भर्नाको निम्ति हाम्रो कार्यालय र स्कुल कर्मचारीहरूका प्रयासमा आशिष् दिनुभएको निम्ति ।

जून २७: हाम्रा शुभचिन्तकहरूको प्रार्थना र आर्थिक सहायताको निम्ति ।

जून २८: शैक्षिक सत्र २०२२-२३ सफलतापूर्वक पूरा गर्न हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेज** र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** आशिष्को निम्ति ।

जून २९: **बोलावटको प्रतिध्वनि** मुख्य मण्डली र शाखा मण्डलीहरूका अगुवाहरू र विश्वासीहरूमाथि आशिष्को निम्ति ।

जून ३०: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूबाट संचालन गरिएको भेकेसन बाइबल स्कुलमा आशिष्को निम्ति ।

जूलाइ १: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र तिनीहरूका परिवारहरूका निम्ति ।

जूलाइ २: तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा हाम्रो **बोलावटको प्रतिध्वनि** यूट्यूब सन्देशमा आशिष्को निम्ति ।

जूलाइ ३: अहिलेसम्म संस्था संचालन गर्न हाम्रा प्रयास फलदायी बनाइदिनुभएको निम्ति ।

### कृपया प्रार्थना गरौं...

जूलाइ ४: अफ्रिकी देश सुडानमा भएको राजनैतिक अस्थिर साम्य भएको होस् ।

जूलाइ ५: हाम्रो सिनियर पास्टरको जीवनीको लेखाइमा उहाँको अनुमति र अगुवाइको निम्ति ।

जूलाइ ६: सबै प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूमाथि निरन्तर परमेश्वरको सुरक्षाको निम्ति ।

जूलाइ ७: संसारभरि सबै सम्प्रदायका मण्डलीहरूका बीचमा जागृतिको निम्ति ।

जूलाइ ८: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइमा** परमेश्वर धेरै समर्पित कर्मचारीहरू ल्याउनुभएको होस् ।

जूलाइ ९: नयाँ भेरियन्टको कोभिड र अन्य संक्रामक रोगहरूको उन्मूलनको निम्ति ।

जूलाइ १०: यो पुस्ताका युवायुवती र बालबालिकाहरूका निम्ति प्रार्थना गर्न हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर** सेवकाइमा धेरै मानिसहरू सहभागी भएका होऊन् ।

जूलाइ ११: परिवारमा भएका युवायुवती र बालबालिकाहरूलाई हुर्काउनमा अभिभावकहरूमाथि ईश्वरीय निर्देशनको निम्ति ।

जूलाइ १२: सुसमाचार नपुगेका मानिसहरूका बीचमा ग्रामीण क्षेत्रहरूमा सुसमाचार फैलाउने मिसनरीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

जूलाइ १३: शैक्षिक सत्र २०२३-२३ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

जूलाइ १४: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

जूलाइ १५: संसारभरि संचालन गरिएका भेकेसन बाइबल स्कुल कक्षाहरूमा बचाइएका बालबालिका र युवायुवतीहरूका निम्ति ।

जूलाइ १६: लागूपदार्थका दुर्व्यसनीमा परेका र कलेज र स्कुलमा अनियमित भएका बालबालिका र युवायुवतीको छुटकाराको निम्ति ।

जूलाइ १७: यो महिनाको सबै आर्थिक आवश्यकता पूरा भएको होस् ।

जूलाइ १८: दीर्घकालीन रोगहरू र तनावबाट प्रभावित भएका संसारभरि भएका मानिसहरूको छुटकाराको निम्ति ।

....Contd. from page 4

शक्ति त्यस्तो छ । तपाईंले उहाँको शक्तिलाई कोसिस गर्नुभएको छैन भने कोसिस गर्नुहोस् र उहाँले तपाईंको निम्ति के गर्न सक्नुहुन्छ भनेर हेर्नुहोस् । तपाईंले उहाँमाथि विश्वास गर्नुहुन्छ र उहाँसँग माग्नुहुन्छ भने तपाईंले माग्नुभएको वा कल्पना गर्नुभएकोभन्दा अझ धेरै उहाँले गर्न सक्नुहुन्छ ।

जब परमेश्वरले तपाईंलाई केही गर्न भन्नुहुन्छ, त्यसले कुनै पनि अर्थ नराखे पनि त्यसलाई पूरा गर्नुहोस् । किनभने उहाँ परमेश्वर हुनुहुन्छ, जसले हामीले मागेको वा कल्पना गरेको भन्दा धेरै गर्न सक्नुहुन्छ । त्यसो भए चिन्ता किन ? अयूबको पुस्तकमा सुन्दर तरिकाले भनिएको छ, **उहाँले महान् र बुझ्न नसकिने कार्यहरू अनगन्ती आश्चर्यकर्महरू गर्नुहुन्छ** (अयूब ५:९) ।

हामीले गर्नुपर्ने एउटा काम भनेको परमेश्वरले हामीलाई दिन लाग्नुभएको भूमितिर अगाडि बढ्न तयार रहनु हो । समय अहिले नै हो । परमेश्वरले तपाईंलाई लैजान प्रतिज्ञा गर्नुभएको स्थानमा जान । अवस्था, परिस्थिति, आर्थिक अवस्था, पारिवारिक पृष्ठभूमि, योग्यताहरू, अनुभव, स्वास्थ्य, उमेर, तपाईंको लिङ्ग नहेर्नुहोस्- यी सबै थोकहरूभन्दा माथि हाम्रो परमेश्वर काम गर्न सक्ने परमेश्वर हुनुहुन्छ । तपाईं अहिले नै तयार हुनु मात्रै एउटा कुरा हो ।

म कहाँ खडा छु भनेर मलाई थाहा छ र परमेश्वरले मलाई कहाँ लैजान चाहनुहुन्छ भनेर मलाई थाहा छ तर म कहाँ जान चाहन्छु भनेर अत्यन्तै राम्ररी थाहा भएको क बिन्दुबाट ख बिन्दुमा जान मलाई रोक्छ भने के हुन्छ ? यसको निम्ति म हाम्रो ध्यान मत्ती १३ अध्यायमा लैजान चाहन्छु । यो अत्यन्तै प्रसिद्ध बालसंगतिको कथा हो । बिऊ छर्नेको कथा । एक जना मानिस बिऊ रोप्न जान्छ र त्यो चार भिन्दै प्रकारको माटोमा खस्छ भनेर हामीलाई थाहा छ । तपाईं कस्तो प्रकारको माटो हुनुहुन्छ भनेर मैले सोधें भने हामीमध्ये धेरैले असल माटो भन्छौं । कम्तीमा पनि हामी सबै जना त्यो हुने चाहना गर्छौं । त्यो हाम्रो आशा हुन सक्छ तर वास्तविकता भिन्दै हुन सक्छ । हाम्रो जीवन र हामीले दिने फलले मात्रै हामीलाई सही जवाफ दिनेछ । जहिले पनि आशा र वास्तविकताको बीचमा खाली ठाउँ हुन्छ । मेरो छोरा अहिले १२ वर्षको भयो र असल फुटबल खेलाडी हो । म त्यसको लागि परमेश्वरलाई धन्यवाद दिन्छु । तापनि जब उसले फुटबल खेल्न सुरु गरेको थियो, ऊ ६ वर्षको थियो । एक पटक म उसको तालिमको समयमा गएकी थिएँ । मेरो छोरा बलको नजिक आयो र बललाई हान्यो र बललाई हेर्न माथि हावामा हेर्न सुरु गर्‍यो । बल कतै पनि देखिएन र त्यसपछि जब मैले भूइँमा हेरें, बल केही सेन्टीमिटर मात्रै अगाडि गएको थियो । कसरी प्रतिक्रिया दिने भनेर मलाई थाहा थिएन । मेरो छोरा मतिर आयो र आफ्नो मुहारमा सुन्दर मुस्कानको साथमा मलाई सोध्यो । यति घमण्डका साथ कि उसको आमाले उसको खेल हेरिरहेको थियो, "आमा, मैले बल हिर्काएको देख्नुभयो ?" मलाई थाहा थिएनँ कि म क्रुर इमानदार हुनुपर्थ्यो र उसलाई भन्नुपर्थ्यो, मेरो छोरा... तिमीले बललाई छोएकै छैनौ वा म सहयोगी आमा हुनुपर्थ्यो र केही उत्साहजनक र सकारात्मक कुरा भन्नुपर्थ्यो ? अन्त्यमा, सबै आमाहरूले गर्ने काम नै मैले गरें । मैले भनें, "छोरा, त्यो अत्यन्तै राम्रो किक थियो... वाह ।" उसको मुहारमा अमूल्य मुस्कान मैले देख्न सक्थें । हा हा हा । उसको आशा वास्तविकताभन्दा भिन्दै थियो ।

त्यसरी नै हामी सबै जना असल माटो हुन चाहन्छौं । परमेश्वरलाई प्रशंसा होस् । तर वास्तविकता के हो ? तपाईंले मात्रै आफ्नो निम्ति जवाफ दिन सक्नुहुन्छ ।

मत्ती १३:४ ले भन्दछ, **अनि यसरी छर्दा केही बिऊ बाटोतिर परे र चराचुरुङ्गीले आएर ती खाइदिए ।** जब बिऊ बाटोमा खस्यो, चराहरू आए र त्यो लगिहाले ।

अनि पद १९ मा येशूले आफ्ना चेलाहरूलाई दृष्टान्तको बारेमा व्याख्या गर्नुहुन्छ ।

मत्ती १३:१९, **"जब कसैले राज्यको वचन सुन्छ र सो बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो सो खोसेर लैजान्छ । बाटोतिर छरिएको बिऊचाहिँ त्यही हो ।"**

म यो पदमा दुई वटा कुराहरूमा केन्द्रित गर्न चाहन्छु - परमेश्वरले हामी पुग्न चाहनुभएको स्थानबाट हामीलाई रोक्ने कुरालाई बुझ्न हामीलाई सहायता गर्नुभएको होस् ।

जब येशूले पहिलो माटोलाई व्याख्या गर्नुभयो, उहाँले भन्नुहुन्छ, "दुष्ट आउँछ र त्यसलाई खोसेर लैजान्छ ।" परमेश्वरको वचनले हाम्रो हृदय, हाम्रो जीवनमा केही गर्न सक्नुअघि नै दुष्ट शैतान आउँछ र त्यसलाई खोसेर लैजान्छ । वास्तविकतामा यो कसरी भइरहेको छ ?

म तपाईंलाई एउटा कथा भन्छु, यो काल्पनिक कथा हो । एक दिन शैतानले आफ्ना सबै पतन भएका स्वर्गदूतहरूलाई आउन र उसको औजारको स्टोरमा भ्रमण गर्न र परमेश्वरको इच्छाबाट मानिसहरूलाई अलग्याउने कुनै पनि थोक किन्नको लागि एउटा दिन खुल्ला गरेको थियो । हरेक औजारको मुनि त्यसको मोल राखिएको थियो । त्यहाँ हत्या, ईर्ष्या, चोरी, ढिलाइ, झुट, आदि थियो र तीमध्ये दुई वटा थोकहरूको मूल्य अत्यन्तै महंगो थियो, जबकि त्यो अत्यन्तै सानो थियो । शैतानले हाम्रो जीवनमा प्रयोग गर्ने त्यसको अत्यन्तै शक्तिशाली औजार के हो भनेर तपाईंले विचार गर्नँहुन्छ- निरुत्साह र अवरोध ?

**अवरोध** शैतानको सबैभन्दा शक्तिशाली औजारहरूमध्ये एक हो, जसले हाम्रो जीवनमा भएको परमेश्वरको योजना पूरा हुनबाट हामीलाई अलग गर्न र नष्ट गर्न सक्छ । परमेश्वरको इच्छा पूरा गर्न हामीले आफैंलाई तयार गरेनौं भने निश्चय नै हामीले शैतानको योजना पूरा गर्न तयारी गरिरहेका हुन्छौं भनेर सम्झनु हामीलाई जरुरी हुन्छ । अर्को शब्दमा, हामी परमेश्वरको इच्छामा हुँदैनौं भने हामी शैतानको इच्छामा हुन्छौं । यो स्वीकार गर्न गाह्रो छ भनेर मलाई थाहा छ ।

तपाईंले प्रभुको सेवकाइ गरिरहनुभएको हुन सक्छ । तर प्रश्नचाहिँ यही छ कि के तपाईंले परमेश्वरको इच्छाअनुसार गरिरहनुभएको छ ? के तपाईंले परमेश्वरको निम्ति सेवकाइ गरिरहनुभएको छ वा परमेश्वरसँग गरिरहनुभएको छ ? हामी सबैले आफैंलाई सोध्नुपर्ने प्रश्न हो, यो । धेरै पटक, मसमेत, हामीले गरिरहेका हरेक थोक सेवकाइमा परमेश्वरको इच्छा हो भनेर हामीले सोच्छौं । यो सत्य होइन । यो बेठीक हो । परमेश्वरको इच्छा नबुझीकन कुनै पनि नया कुरामा नजानुहोस् । परमेश्वरको प्रतिज्ञा माग्नुहोस् र त्यसपछि त्यो सुरु गर्नुहोस् ।

परमेश्वरको इच्छाबाट हामीलाई अलग लैजाने थोक अवरोध हो ।

जब म अवरोध भन्छु, तपाईंले सजिलै पहिचान गर्न सक्ने तरिकामा यो आउँदैन । शैतान सधैं बुद्धिमान, छली र चलाख छ । तपाईंले रोक्न कठिन हुने तरिकामा त्यसले अवरोध ल्याउनेछ ।

हामीले उत्पत्ति ३:६ हेरौं । बाइबलले भन्दछ, जब हव्वाले फल हेरिन्, त्यो **आँखालाई आनन्द दिने प्रकारको थियो**... रूख **सुन्दर** थियो र त्यसको फल **स्वादिलोजस्तो** देखिन्थ्यो र तिनले

**बुद्धि पाउने चाहना गरिन्,** त्यो आँखालाई **आनन्द** दिने प्रकारको थियो ।

त्यो आनन्द दिने, सुन्दर, स्वादिलो, आनन्दले पूर्ण थियो र सबैभन्दा माथि तिनी केवल बुद्धिमान हुने चाहना गरिन् । के यीमध्ये कुनै खराब छन् ? यो शैतानबाट आएको छ भनेर के यीमध्ये केही देखिन्छ ? के यीचाहिँ हरेकलाई मन पर्ने कुरा होइन र ? के यी अवरोधहरूजस्तो देखिन्छ ?

सुन्दर, स्वादिलो, आनन्द दिने र बुद्धिको चाहना गर्नुमा के गलत छ ? त्यो कसरी अवरोध हुन सक्छ ?

तर त्यो अवरोध थियो भनेर हामीले हेर्छौं- त्यसले पूरै मानव जातिको पतनतिर अगुवाइ गरेको थियो । याद राख्नुहोस्, अवरोधहरू सधैं अत्यन्तै आकर्षक ढाँचा र प्रकारमा, रङ्गीन र आँखालाई सुन्दर तरिकामा आउँछ । त्यो वास्तविक रूपमा असल हुनेछ । तापनि, कुनै कुराले तपाईंलाई परमेश्वरमा केन्द्रित हुनबाट अलग गर्न सक्छ भने तपाईंले ध्यान राख्नु जरुरी हुन्छ ।

यो मेरो शक्तिशाली बुँदा हो भनेर तपाईंले भन्नुहुन्छ भने सावधानीपूर्वक हेर्नुहोस्, त्यही नै स्थानमा शैतानले तपाईंलाई कठोरताका साथ हिर्काउनेछ भनेर तपाईंलाई थाहा छ। पत्रुसले भने, म तपाईंसँग मर्न पनि तयार छ । त्यो आफ्नो सबैभन्दा शक्तिशाली बुँदा थियो भनेर पत्रुसले विचार गरेका थिए । येशूको निम्ति आफ्नो प्रेम यति बलियो छ कि केही कुराले पनि तिनलाई उहाँबाट अलग गराउन सक्दैन भनेर तिनले विचार गरेका थिए । तर येशूले तुरुन्तै भन्नुभयो, बिहान नभएसम्म तिमीले मलाई तीन पटक इन्कार गर्नेछौ ।

प्रिय मित्रहरू, तपाईं वास्तवमै बलियो हुनुहुन्छ भनेर सोच्ने स्थानमा तपाईंले मनन गर्नुभएको म चाहन्छु । तपाईंको जीवन, तपाईंको जीवनका हरेक क्षेत्र, तपाईंका छोराछोरी, तपाईंको परिवार, तपाईंको जागिर, तपाईंको सेवकाइ, तपाईंको बोलावट र तपाईंको अभिषेकमाथि प्रार्थना गर्नुहोस्... हामीलाई बाटोको हरेक कदममा परमेश्वरको शक्तिको आवश्यकता छ, अन्यथा हामी अवरोधमा पर्नेछौं र हाम्रो जीवनमा परमेश्वरले राख्नुभएको कुरा गुमाउनेछौं ।

किनभने शैतान हरेक समय गर्जने सिंहजस्तै कहिले र कसलाई नष्ट गरूँ भनेर हाम्रो वरिपरि आइरहेको छ । १ पत्रुस ५:८ ले भन्दछ, सचेत रहो, जागा रहो ।

बाइबलले भन्दछः सन्तुलित र आत्म अनुशासित होओ । सचेत रहो, सबै समयमा जागा रहो किनभने शैतान भोकाएको गर्जने, नष्ट गर्न चाहने सिंहझैं यताउति हिँडिरहेको छ ।

म तपाईंको कुममा थप्थपाउन र भन्न चाहन्छु, उठ्नुहोस् । यो उठ्नको लागि बोलावट हो । सचेत रहो, जागा रहो, सावधान होओ, आत्मअनुशासित होओ । सबै थोकलाई रोक्नुहोस् र अबको केही दिन र हप्ताको निम्ति परमेश्वरमा मात्रै केन्द्रित हुनुहोस् । व्यक्तिगत रूपमा तपाईंसँग बोल्न र परमेश्वरले तपाईंले के गरेको चाहनुहुन्छ भनेर प्रकट गर्न सोध्नुहोस् । यसको बारेमा स्पष्ट विचार तपाईंले नपाएसम्म उपवास बस्नुहोस् र प्रार्थना गर्नुहोस् । किनभने शैतान तपाईंलाई अवरोध गर्न पर्खिरहेको छ । अथवा तपाईंको जीवनमा त्यसले पहिले नै अवरोधहरू हालिदिएको छ... आउनुहोस् मेरा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, हामीले अहिले नै केन्द्रित हुनु जरुरी छ ।

हामी सबैको निम्ति मेरो इमानदार प्रार्थना यही नै छ विशेष गरी यी अन्तिम दिनमा हाम्रो जीवनमाथि भएको परमेश्वरको योजना र उद्देश्यबाट कोही पनि अलग नभएका होऔं । याद राख्नुहोस्, हामीले परमेश्वरको इच्छा पूरा गर्दैनौं भने हामीले शैतानको इच्छा पूरा गरिरहेका हुन्छौं ।

यो **अवरोध** कसरी हाम्रो जीवनमा शक्तिशाली हुन सक्छ भनेर म तपाईंलाई देखाउन चाहन्छु, विशेष गरी परमेश्वरलाई प्रेम गर्छु भनेर दाबी गर्नेहरूका बीचमा । परमेश्वरले इस्राएललाई आशिष् दिन चाहनुभयो भनेर बाइबलले भन्दछ । कसैले पनि उहाँलाई श्राप दिन सक्दैन । परमेश्वरको छोराछोरीको विरुद्धमा कुनै पनि अन्धकार, मन्त्रतन्त्र वा दुष्टको शक्ति आउन सक्दैन, जसमा तपाईं र म पनि समावेश छौं । तर हाम्रो जीवनमा हाहाकार, अन्योलता र विनाश ल्याउन सक्ने केही कुरा छ र त्यसलाई हुन दिन सक्ने शक्ति एक जना मात्रै व्यक्तिमा छ, त्योचाहिँ हामी नै हौं ।

हामीले यसलाई परमेश्वरको वचनबाट हेरौं । जब मोआबका राजाले इस्राएलीहरूलाई श्राप दिन चाहेका थिए, तिनले बालामलाई तिनीहरूमाथि श्राप दिन निम्त्याए । बालामले परमेश्वरका मानिसहरूलाई श्राप दिन संघर्ष गरे र अन्त्यमा हरेक पटक तिनीहरूलाई आशिष् दिए । त्यसैले, मोआबका राजा बालाक अत्यन्तै निरास भए र रिसाए । अन्त्यमा, बालामले तिनलाई एउटा सल्लाह दिए, तिनले भने यी परमेश्वरका मानिसहरू हुन् । तिनीहरूलाई आशिष् दिनु उहाँको चाहना हो । त्यसैले तपाईंले तिनीहरूलाई श्राप दिन वा नष्ट गर्ने कुनै तरिका छैन । तर तपाईंले तिनीहरूलाई नष्ट गर्न सक्ने एउटा तरिका छ । त्योचाहिँ तिनीहरूका बीचमा अवरोधहरू राखिदिनु हो... त्यसले परमेश्वरको क्रोधलाई दन्काउनेछ र त्यसपछि उहाँ आफैंले तिनीहरूलाई नष्ट गर्नुहुनेछ ।

*बाँकी पृष्ठ ९ मा*


**निःशुल्क मासिक पत्रिका**
**बोलावटको प्रतिध्वनि**
**प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।



**कर छुट**

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**“जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।**

# हामीले चाहेको कुरा प्रभुले प्रदान गर्नुहुन्छ

## THE LORD WHO GRANTS OUR DESIRES!

“किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ” (फिलिप्पी २:१३)।



जब म १८ वर्षको थिएँ, मैले मेरो बुबा, उहाँका दाजुभाइहरू र उहाँका परिवारका सदस्यहरू मण्डलीमा नियमित रूपमा गीत गाउनुभएको र आराधना गर्नुभएको हेर्ने गर्थें र कुनै तरिकामा वा अन्य तरिकामा म उहाँहरूलाई सहायता गर्थें। मैले हार्मोनियमजस्ता सांगीतिक वाद्यवादनहरू पनि बजाउन सिकें।

मैले सुरु गरेको र अगुवाइ गरेको **सुसमाचार प्रार्थना व्याण्ड** समूहबाट हामीले क्वायर र वाद्यवादनहरू बजाउनेहरू निर्माण गरेका थियौं। परमेश्वरले येशू ख्रीष्टको सुसमाचार धेरै गाउँहरूमा फैलाउन सहायता गर्नुभएको थियो। समूहको रूपमा हामीले परमेश्वरको सन्देश, गवाहीहरू र गीतहरू बाँड्न सक्थ्यौं। यो समूहमा हुनुभएको महत्वपूर्ण व्यक्तिहरू भाइ विस्ले देभादासन (अहिले उहाँको आगमनको सन्देश), रेभ. ए. सेल्भाराज (अहिले सी.एस.आइ मिसनरी, पास्टर), रेभ. जोन रोज कमलाम (अहिले सी.एस.आइ. मिसनरी, मदुराइ, सिनियर पास्टर), भायोलिस्ट भाइ डेभिड रेजिनाल्ड (शिक्षक), रेभ. पौलस (सी.एस.आइ पास्टर), जयचन्द्रन (ए.ओ.जी. पास्टर) र जयनन्दा पावलमोनी (शिक्षक) हुनुहुन्थ्यो।

मैले मेरो ठूलो र गाह्रौं हार्मोनियम मेरो काँधमा बोक्ने गर्थें र गाउँहरू, बजारहरू र सडकका छेउहरूतिर जान्थें। म गीतहरू गाउने गर्थें, मेरा गवाहीहरू सुनाउँथें र यस्ता स्थानहरूमा परमेश्वरको वचन पनि बोल्थें। मैले हजारौं सुसमाचारीय पर्चाहरू पनि वितरण गरेको थिएँ। मैले यी कुराहरू पूर्ण हृदय र खुसीसाथ गरेको थिएँ। मैले आफ्नो हार्मोनियम बोक्दै धेरै माइल एक्लै हिँडेको पनि छु र मानिसहरूको धर्मलाई विचार नगरी सबै प्रकारका मानिसहरूका बीचमा हाम्रो प्रभु येशू ख्रीष्टको सुसमाचार बाँडें।

आज जब म पहिले गएको र ख्रीष्टियान गीतहरू गाएका, मेरो हार्मोनियम बजाएका स्थानहरूमा भ्रमण गरेको थिएँ, जब म सानो केटो थिएँ, म अचम्ममा परें। मैले प्रचार गरेका हरेक स्थानमा र मैले सुसमाचार पर्चाहरू वितरण गरेका हरेक स्थानमा मैले अहिले धेरै मण्डलीहरू र ख्रीष्टियान मानिसहरूको संख्या बृहत् रूपमा वृद्धि भएको देख्न सकें। म ती दिनहरू सम्झन्छु, जब मानिसहरूले मलाई गिल्ला गरेका थिए किनकि समाजमा मसँग कुनै योग्यता र हैसियत थिएन।

दिनहरू बित्दै गए। परमेश्वरले मलाई एक-एक गरेर उठाउनुभयो। उहाँले मलाई ईश्वरीय बुद्धि, मानिसहरूको सहायता र आर्थिक अवस्थाको साथमा आशिष् दिनुभयो। परमेश्वरले मलाई ती दिनमा अत्यन्तै महंगो वाद्यवादन अकर्डियन पनि दिनुभयो। यो वाद्यवादन किन्न मसँग कुनै पैसा नभएको हुनाले भान्दाभासीका मेरा साथीहरूमध्येका एक एम. पद्मानाबनले आफ्नी पत्नीको विवाहको सिक्री (थाली) बेच्नुभयो र यो वाद्यवादन किन्न मलाई पैसा दिनुभयो। मेरो आफ्नै सानो भाइ एस. विजिली सामराजले पनि मलाई यो कुराको लागि सहायता गर्नुभएको थियो।

त्यसकारण, मेरो प्रभुले मलाई प्रभुको वचन टिभीबाट बोल्न सक्षम बनाउनुभयो र अहिले यूट्यूब च्यानलमा। मेरो सन्देश तामिल, अंग्रेजी, हिन्दी र तेलगू भाषामा आउँछ। परमेश्वरले मलाई सहायता गर्न मलाई धेरै जना गायकहरू र वाद्यवादनका साधनहरू दिनुभएको छ। परमेश्वरले मलाई मुख्यालय मण्डली मलाई स्वीकार गर्न र उचाल्न प्रदान गर्नुभएको छ। प्रभु येशू ख्रीष्टले मलाई धेरै शाखा मण्डलीहरू र मेरो सेवकाइहरूमा सहयोगीहरू पनि दिनुभएको छ।

प्रिय पाठकहरू, तपाईंले पनि परमेश्वरको निम्ति केही गर्ने चाहना राख्नुभएको छ भनेर म निश्चित छु। त्यो तुरुन्तै गर्न सुरु गर्नुहोस्। तपाईंसँग सहायता गर्ने सहयोग र आर्थिक सहायता नहुन सक्छ। तपाईंसँग मन छ भने तपाईंले मार्ग प्राप्त गर्नुहुनेछ। त्यसमा ढिलो नगर्नुहोस्। आजै आफैं गर्न सुरु गर्नुहोस्। अहिले नै त्यो गर्नुहोस्।

“किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ” (फिलिप्पी २:१३)।

* * * * * * * * * * * *

*पृष्ठ ७ बाट*

**हेर, यिनीहरूले नै बालामको युक्तिद्वारा इस्राएलीहरूलाई पोरमा परमप्रभुको विरुद्धमा अपराध गर्न लाएका थिए । यसैले समुदायको बीचमा विपत्ति पनि आएको थियो** (गन्ती ३१:१६) ।

बालामको सल्लाहचाहिँ इस्राएलीहरूका बीचमा मोआबी स्त्रीहरूलाई पठाउनुथियो । त्यसपछि तिनीहरूले इस्राएली पुरुषहरूलाई शारीरिक सम्बन्धको प्रस्ताव राखे। तर तिनीहरूले आफूसँगै आफ्नो देवताहरूको आराधना गर्नुपर्ने भन्ने शर्त राखे । त्यो देवता बाल पोर वा "सुरुवातको देवता" थियो, इस्राइली पुरुषहरू आफ्नो देवतालाई आराधना गर्न तयार छन् भने मोआबी स्त्रीहरू तिनीहरूका अगि तयार हुनेछन् भनेर सहमत भए ।

निश्चय नै बालामलाई इस्राएली पुरुषहरूको कमजोरी थाहा थियो र त्यति मात्रै होइन तर परमेश्वरले आफूलाई भन्दा अर्को कुनै देवतालाई आराधना गरेका बारेमा कस्तो महसुस गर्नुहुन्छ भने पनि थाहा थियो। उहाँ डाही, दन्कने आगो परमेश्वर हुनुहुन्छ। कसैले पनि अन्य देवतालाई आराधना गरेको वा उहाँलाई प्रतिस्थापन गरेर अन्य केहीलाई आराधना गर्न उहाँले सहनुहुनेछैन । त्यसैले बालामको सल्लाहचाहिँ अवरोध राखिदिनु थियो, त्यसले तिनीहरूलाई परमेश्वरको इच्छाबाट अलग गराउने मात्रै होइन तर तिनीहरूका जीवन समाप्त पार्न परमेश्वरको क्रोधलाई दन्काउनु पनि थियो ।

*प्रिय मित्रहरू, तपाईं कस्तो अवस्थाबाट भएर गुज्रिनुभएको छ वा जीवनको तपाईंको यात्रामा तपाईं कहाँ हुनुहुन्छ भनेर मलाई थाहा छैन, आफ्नो जीवनमा भएका अवरोधहरूका बारेमा सावधान हुनुहोस् । त्यो सधैं तपाईंको आँखालाई आनन्द दिने, सुन्दर हुनेछ, त्यसले तपाईंको हृदयमा आनन्द दिनेछ । तर त्यसले तपाईंको जीवनमा परमेश्वरले चाहनुभएको कुरामा तपाईंको ध्यानलाई भट्काउँछ भने त्यहाँबाट निस्कनुहोस् । तपाईंलाई शक्ति दिन परमेश्वरसँग माग्नुहोस् ।*

*विशेष गरी युवायुवतीहरू, जब विवाहको समय आउँछ- सावधान हुनुहोस् । विवाह आत्मा जित्ने कुरा होइन । एउटै जुवामा ननारिनुहोस् । तपाईंको विश्वास र तपाईंको दर्शन तपाईंको जीवनसाथीसँग मिल्नु जरुरी हुन्छ । अन्यथा, यो जीवनभरिको संघर्ष हो ।*

*हाम्रा अवरोधहरू पहिचान गर्न र त्यसलाई त्याग्न र त्यसबाट अलग रहन यो पढिरहेका हामीमध्ये हरेकलाई परमेश्वरले सहायता गर्नुहुनेछ भनेर म प्रार्थना गर्दछु ताकि हामीले आफ्नो जीवनमा नया अवसर अंगाल्न सकौं । हरेस नखानुहोस् र अगाडि बढ्न सुरु गर्नुहोस् ।*

*तपाईंले माग्नुभएको वा कल्पना गर्नुभएको भन्दा धेरै काम परमेश्वरले गर्न सक्नुहुन्छ । तपाईंको नयाँ अवसरलाई अंगाल्नुहोस् । परमेश्वरले तपाईं सबैलाई आशिष् देऊन् ।*

*************

## कृपया हाम्रो लागि प्रार्थना गरिदिनुहोस्

हरेक महिना श्रीलंकामा **बोलावटको प्रतिध्वनि** सिंहला भाषामा मासिक पत्रिका पठाउनको निम्ति हुलाकको खर्च अत्यन्तै महंगो छ (हरेक प्रतिको लागि रु. ३१), हामी परमेश्वरमा प्रार्थना गर्दछौं कि श्रीलंकामा **बोलावटको प्रतिध्वनिको** सिंहला भाषाको मासिक पत्रिकाको प्रतिहरु त्यहाँ लिएर जाने र त्यहाँबाटै स्थानीय रुपमा वितरण गर्नको निम्ति मार्ग खोलिदिनुभएको होस् । कृपया तपाईंले आफ्नो प्रार्थनाको समयमा यसको लागि पनि प्रार्थना गरिदिनुहोला ।

सम्पादक

## ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

प्रिय पाठकहरू

तल दिइएका प्रश्नहरूको जवाफमा रेजा चिन्ह लगाउनुहोस् र हामीलाई पठाउनुहोस् । तपाईंले **बोलावटको प्रतिध्वनिबाट** उपहार पाउनुहुनेछ ।

१. के तपाईंले आज **बोलावटको प्रतिध्वनि सेवकाइको** निम्ति प्रार्थना गर्नुभयो ?
☐ गरें ☐ गरिनँ

२. **बोलावटको प्रतिध्वनि** तपाईंले निरन्तर पाएको चाहनुहुन्छ ?
☐ चाहन्छु ☐ चाहन्नँ

३. **बोलावटको प्रतिध्वनिको** निम्ति के तपाईंले केही पाठकहरू थप्न चाहनुहुन्छ (पैसा संकलन गर्नुपर्दैन) ? ☐ चाहन्छु ☐ चाहन्नँ

४. तपाईंलाई कुन स्तम्भ धेरै मन पर्छ ?
☐ मुख्य लेख (सन्देश) ☐ (वा) सम्पादकीय ☐ (वा) खाडलबाट महलसम्म

५. के तपाईंले हाम्रो ह्वाटस्एप नम्बर सेभ गर्नुभएको छ ? ☐ छ ☐ छैन

६. के तपाईंले **Echo of His Call यूट्यूब च्यानल** सब्स्क्राइब गर्नुभएको छ ?
☐ छ ☐ छैनँ

७. हाम्रो यूट्यूब च्यानलमा के तपाईंले छोटो सन्देश हेर्नुहुन्छ ? ☐ हेर्छु ☐ हेर्दिनँ

८. के तपाईंले हाम्रो यूट्यूब च्यानलमा अंग्रेजी, हिन्दी, तामिल र तेलगू भाषामा हाम्रो ५ मिनेट सन्देश हेर्नुहुन्छ ? ☐ हेर्छु ☐ हेर्दिनँ

कृपया यो खण्ड काटेर भरेर हामीलाई भर्नुहोस् । तपाईंले हामीबाट उपहार पाउनुहुनेछ ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps **(Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.)** to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th JUNE 2023**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**